आज मिति २०७४ साल माघ १० गते बुधबारका दिन यस तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा तपशिलका उपस्थितिमा बसी तपशिलका प्रस्ताबहरुमाथी छलफल गरि निर्णय गरियो ।

## उपस्थिति

१. श्री कर्ण बहादुर मगर - अध्यक्ष
२. श्री पदममाया तामाङ - सदस्य
३. श्री गोबिन्द बहादुर राउत -सदस्य
४. श्री हेम बहादुर श्रेष्ठ - सदस्य
५. श्री लाल बहादुर स्याङतान - सदस्य
६. श्री खड्ग बहादुर भुजेल - सदस्य
७. श्री दिनेश कुमार रमौली - सदस्य
८. श्री बीर बहादुर पुलामी - सदस्य
९. श्री कोमल बहादुर खपाङ्गी - सदस्य
१०.श्री रेखराज अधिकारी - सदस्य
११. श्री शेर बहादुर मगर - सदस्य
१२. श्री पूण्यहरि भुजेल- सदस्य
१३. श्री हितलाल श्रेष्ठ - सदस्य
१४. श्री जगदिश्वर तोलाङ्गी - सदस्य
१५. श्री दुध कुमारी ठकुरी - सदस्य
१६. श्री देबमाया श्रेष्ठ - सदस्य
१७. श्री टेक बहादुर परियार -सदस्य
१८. श्री भगवती कुमारी श्रेष्ठ - सदस्य
१९. श्री गीतामाया थापा मगर - सदस्य
२० श्री सुरेन्द्र प्रधान - सदस्य सचिव

विशेष आमन्त्रित श्री प्रदिप कुमार के.सी. प्रदेश सभा सदस्य

**प्रस्तावहरु :-**

१.सूधारिएको चुलो कार्यक्रम सम्बन्धमा ।
२.स्वास्थ्य चौकीको घडेरी सम्बन्धमा ।
३.राहत रकम उपलब्ध गराउने सम्बन्धमा ।
४.सवारी ईन्धन सम्बन्धमा ।
५.एम्बुलेन्स खरिद सम्बन्धमा ।
६.वैंक सम्वन्धमा ।
७.आ.ले.प. सम्बन्धमा ।
८.जनश्रमदान बापतको रकम सम्बन्धमा ।
९.महिला कार्यक्रम सम्बन्धमा ।
१०.बाटो हेरालु सम्बन्धमा ।
११.रकमान्तर सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताब नं. १ माथी छलफल गर्दा सुधारिएको चुलो कार्यक्रमलाई यस गाउँपालिका भरीका सबै वडाहरुमा अभियानको रुपमा संचालन गर्ने निर्णय गरीयो साथै उक्त कार्यक्रम संचालनका लागि क्लीनस्टार मल्टी सर्भिस प्रा.लि.लाई अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस तीनपाटन गाउँपालिका वडा नं. १० मा स्वास्थ्य संस्था नभएकोले तपशिलका ब्यक्तीहरुबाट तपशिल बमोजिमको जग्गा दानमा प्राप्तगरि स्वास्थ्य चौकी वडा नं. १० को नाममा रजिष्ट्रेशन पास गर्ने निर्णय गरियो ।

तपशिल

१. साबिक लाम्पनटार गा.बि.स.वडा नं.२ हाल तीनपाटन गाउँपालिका वडा नं.१० निवासी नन्द कुमारी श्रेष्ठको नाममा दर्ता कायम रहेको साबिक त्रिभुवन आम्वोटे गा.बि.स. वडा नं. ८/ग कि.नं.१० क्षेत्रफल ०-१५-१५-२ भि.अ. मध्ये दक्षिण पश्चिम बाट ०-५-०-०(पाँच कठ्ठा)

२.साबिक लाम्पनटार गा.वि.स.वडा नं. २ हाल तीनपाटन गाउँपालिका वडा नं.१० निवासी मान बहादुर गुर्मछानको नाममा दर्ता कायम रहेको साविक त्रिभुवन आम्वोटे गा.वि.स.वडा नं. ८/ग कि.नं.३४ क्षेत्रफल १-२-१७-० भि.दो. जग्गा मध्ये पश्चिम दक्षिण बाट ०-१-०-० (एक कठ्ठा)

३. साविक लाम्पनटार गा.बि.स.वडा नं. २ हाल तीनपाटन गाउँपालिका वडा नं. १० निवासी मिन बहादुर घोलेको नाममा दर्ता कायम रहेको साविक त्रिभुवन आम्बोटे गा.वि.स.वडा नं. ८/ग कि.नं. ५८ क्षेत्रफल ०-४-०-० भि. अ. जग्गा मध्ये उत्तर पूर्व बाट ०-१-०-० (एक कठ्ठा)

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा राहत रकम उपलब्ध गराउने सम्बन्धमा मिति २०७४।०९।२२ मा कार्यपालिकाको बैठकमा भएको निर्णय बमोजिम राहत रकम आ.ब.२०७४/०७५ को श्रावण महिना बाट लागु हुने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा गाउँसभाबाट स्वीकृत भएको सवारी ईन्धन प्रतिमहिना ८ लिटर उपलब्ध गराउने निर्णय भएकोमा उक्त ईन्धन २०७४ साल श्रावण महिनादेखी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा बेलघारी प्राथमिक स्वास्थ्य केन्द्रको लागि एम्बुलेन्स खरिद प्रकृया अघिवढाई व्यवस्थापन समेतको जिम्मा बेल्घारी प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन समिति लाई दिने र लाम्पन्टार प्राथमिक स्वास्थ्य केन्द्रको लागि एम्बुलेन्स खरिद कार्यगर्न नेपाल रेडक्रस सोसाईटी उपशाखा कार्यालय लाम्पनटार लाई खरिद प्रकृया अघि बढाई व्यवस्थापन समेतको जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ६.**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस तीनपाटन गाउँपालिकामा बैंक अफ काठमाण्डौं स्थापना भई कार्यसंचालन गर्नु पर्नेमा हालसम्म उक्त बैंक स्थापनाभै कामकाज गर्न आलटाल गरेको कारण याहाँका कार्यालय लगायत संघ/संस्था तथा स्थानीय बासिन्दा समेत मार्कामा परी विकास निर्माणका कार्यमा समेत कठिनाई भएकोले छिटो स्थापनाको लागि नेपाल राष्ट्र बैंक लाई पत्रचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको आ.ब. २०७४/०७५ को आर्थिक ~~प्रथम चौमासिक~~ कारोबारको आन्तरिक लेखापरिक्षण कार्यको लागि जिल्ला समन्वय समिति सिन्धुलीको आ.ले.प. शाखा लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथी छलफल गर्दा यस तीनपाटन गाउँपालिका अन्तर्गत संचालन हुने योजनाको हकमा जनसहभागिता बापतको रकम उपभोक्ता समितिको खातामा जम्मा गरी योजना सम्झौताका लागि भौचर पेशगर्ने र उक्त जम्मा रकम कार्यक्रम संचालनमा खर्चगर्न पाईने साथै कार्यक्रम संचालनको रकम रनिङ्ग बील अथवा कार्यसम्पन्नको आधारमा मात्र भुक्तानी दिने निर्णय गरियो ।

तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लाम्पनटार, सिन्धुली ३ नं. प्रदेश, नेपाल २०७३

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथी छलफल गर्दा महिला विकास कार्यक्रममा छुट्याईएको बजेट सम्वन्धमा कार्यापालिकाका महिला सदस्यहरु बाट कार्यक्रम छनौट गरी अर्को बैठकमा पेशगर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताब नं. १० माथी छलफल गर्दा यस तीनपाटन गाउँपालिका अन्तर्गतका तपशिलका बाटोहरुमा सम्वन्धित वडाहरुले हेरालु लाई प्रतिव्यक्ति दैनिक रु ६५०।- अक्षरेपी (छ सय पचास).मात्र ज्याला दिने गरी काममा लगाउने निर्णय गरीयो र उक्त रकम कन्टेन्जेन्सी रकम बाट खर्चगर्ने निर्णय समेत गरियो ।

तपशिल

१.जिर्गाहा देखि शाखामाढी सम्म ।

२.शाखामाढी देखि चकमके सम्म ।

३.चकमके देखी वाहुनतिल्पुङ्ग सम्म ।

४.चकमके देखि आम्वोटे सम्म ।

**निर्णय नं.११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाको सदस्यहरु लाई प्रत्येक बैठकमा आउँदा जाँदा यातायात खर्च बापतको रकम भुक्तानीका लागि रकम अपुग भएकोले कर्मचारीहरुको प्रोत्सान भत्ता वापत स्वीकृत रकम बाट रु १०,००,०००।- अक्षरेपी ( दश लाख) मात्र रकमान्तर गरि कार्यपालिका सदस्यहरुको यातायात खर्च र ईञ्जिनियरिङ्ग,समान खरिदका लागि खर्चगर्ने निर्णय गरियो ।